# बुटवल उप-महानगरपालिका कार्यालय

## बुटवल, रुपन्देही

### पसल भवनका सटरहरु भाडामा दिने आय ठेक्का सम्बन्धी

बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०६/२३

बुटवल उप-महानगरपालिका वडा नं. ५ हाटबजारमा अवस्थित पुर्व पश्चिम मोहडाको सपिङ्ग कम्प्लेक्सको तल्लो तलाको पुर्व मोहडा तर्फ क्षेत्रफल ९.६"-१२.६", पश्चिम मोहडातर्फ क्षेत्रफल ९.९"-१३" उत्तर मोहडा तर्फ क्षेत्रफल १०.६"-१५.३") र भ-याङ्को भाग संगै रहेका सटर कोठाहरु खाली हुने भएको हुदा हाल जे-जस्तो अवस्थामा छ सोही अवस्थामा ५ बर्षका लागि बहाल बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही उक्त भवनका सटर कोठाहरु बहालमा लिन इच्छुक नेपाल सरकारवाट ईजाजत प्राप्त व्यक्ति / फर्म /कम्पनी/सहकारीले रित पूर्वकको बोलपत्र आव्हान गरी सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३०औं दिन अर्थात २०७७।७।२३ गते कार्यालय समय भित्र ईच्छुक व्यक्ति/फर्म/कम्पनीले क्रमशः नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, फर्म दर्ता/नवीकरणको प्रतिलिपि र आ.व.०७६/०७७ को कर चुक्ताको प्रतिलिपि निवेदन रु.१०००। (एक हजार पछि फिर्ता नहुने) गरी बुझाई बुटवल उप-महानगरपालिका कार्यालयको राजश्व शाखावाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
२. बोलपत्र फारम लाई सिलबन्दी गरी बाहिर खाममा आय ठेक्का नं.७/०७७/०७८ र सटर नं. उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन अर्थात २०७७।७।२४ गते दिनको १२.०० बजेसम्म बुटवल उप महानगरपालिकामा शिलबन्दी बोलपत्र फारम दाखिला गर्न सकिनेछ । साथै दर्ता हुन आएका बोलपत्रहरु सोही दिन दिनको २.०० बजे बु.उ.म.न.पा.कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने अन्तिम दिन, दाखिला गर्ने तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन खरिद गर्ने र सोको भोली पल्ट दाखिला गर्ने तथा खोल्ने कार्य हुनेछ ।
४. बहाल संझौता अवधी ५ वर्षको हुनेछ र प्रत्येक वर्ष ५ प्रतिशतका दरले बहाल बृद्धि हुँदै जानेछ । ५ वर्ष पछि पुनः प्रतिस्पर्धात्मक प्रकृयाबाट बहाल वन्दोवस्त गरिने छ ।
५. बोलपत्रदाताले बोलपत्रका साथ तपशिलमा उल्लेखित धरौटी रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं.३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको बोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बु.उ.म.न.पा.का.को नाममा जारी गरिएको बैक जमानी पत्र (विड बण्ड) पेश गर्नु पर्नेछ ।
६. सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिनेछ ।
७. बोलपत्र स्वीकृत भए पछि कबोल गरेको बहाल रकमको ५ प्रतिशतले हुने रकम बु.उ.म.न.पा.का.को नाममा रा.वा.बैंक खस्यौली शाखामा रहेको धरौटी खाता नं.३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर र मासिक बहाल कबोल अंकको ६ महिना बराबरले हुने सम्झौता गर्दाका बखत जम्मा गर्नु पर्ने छ । उक्त छ महिना बराबरको अग्रिम रकम बहाल संझौताको अन्तिम वर्षको मासिक बहालमा कट्टा गरिनेछ ।
८. बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र धरौटी र ६ महिना बराबरको एकमुष्ट रकम वा बैक भौचर सहित बहाल संझौता गर्न नआएमा बोलपत्र साथ रहेको धरौटी जफत गरी नियमानुसारको प्रक्रिया अगाडी बढाईनेछ ।
९. मासिक बहाल रकम भुक्तानी गर्दा प्रत्येक महिना अग्रिम रुपमा बुझाउनु पर्नेछ । बहाल रकम तोकिएको समयमा नबुझाएमा बार्षिक १० प्रतिशतका दरले दैनिक रुपमा हिसाव गरी बिलम्ब शुल्क लाग्नेछ ।
१०. मासिक बहाल रकम बुझाउन एक महिना भन्दा बढी ढिला गरेमा सटर कोठा खाली गराउन पत्राचार गरिनेछ त्यसरी पत्राचार भएको मितिले ७ दिन भित्र सटर/कोठा खाली नगरेमा कार्यालयले जुनसुकै बेला सटर कोठा बन्द शिल गर्न सक्नेछ । त्यसरी सिल गरेको सात दिन भित्र सटर/कोठा भित्र रहेका सामानहरुको मुचुल्का गरी तत्कालै जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बढावढ गरी असुल गर्न पर्ने रकम सरकारी बाकी सरह असुल उपर गर्ने र असुल गर्नु पर्ने भन्दा बढी भए बढी भएको रकम फिर्ता गरिनेछ ।
११. बहाल रकम बार्षिक रुपमा श्रावण महिना भित्र एकमुष्ट रुपमा बुझाउनेलाई बुझाउने बहाल रकमको १० प्रतिशत छुट दिईनेछ
१२. आफुले लिएको सटर कोठामा प्रचलित कानुन बमोजिम निषेधित वस्तु तथा सेवा बिकी बितरण वा गतिविधि गर्न पाईने छैन ।

विष्णु प्रसाद खनाल
वित्त व्यवस्थापन महाशाखा प्रमुख

१३. पानी र बिधुत महशुल खपतको आधारमा मासिक रुपमा सब मिटरमा उठेको अंकको कार्यालयले तोकेको प्रति यूनिटका दरमा बहालमा लिनेले नगरकार्यपालिका कार्यालयमा बुझाउनु पर्नेछ ।
१४. हाल बुटवल उपमहानगरपालिकालाई बुझाउनु पर्ने शटर बहाल बक्यौता राख्ने व्यक्ति/ फर्म वा कम्पनीले बोलपत्र फर्म भर्न पाउने छैन ।
१५. अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ । थप जानकारीका लागि बुटवल उप-महानगरपालिका कार्यालयको प्राकृतिक स्रोत तथा सम्पत्ति व्यवस्थापन शाखामा सम्पर्क गर्न सकिनेछ ।
१६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार बुटवल उप महानगरपालिकामा सुरक्षित रहनेछ ।
१७. अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन,बुटवल उपमहानगरपालिकाको आय ठेक्का नियमावली २०७६ र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

सटरको विवरण

| आय ठेक्का नं. | सटरको विवरण | न्युनतम मासिक बहाल रकम | धरौटी रकम |
|---|---|---|---|
| ७/०७७/०७८ | वडा नं ५ हाटबजारस्थित सपिङ्ग कम्प्लेक्सको पुर्व मोहडा र उत्तर मोहडाका सटरहरु | प्रत्येकको लागि रु. २००००/- | ६६५००/- |
| | वडा नं ५ हाटबजारस्थित सपिङ्ग कम्प्लेक्सको पश्चिम मोहडा र भ-याङ्गको भागमा रहेका सटरहरु | प्रत्येक सटरको लागि रु.१२६००/- | ४२०००/- |
| | वडा नं ५ हाटबजारस्थित सपिङ्ग कम्प्लेक्सको पुर्व र पश्चिम मोहडा भएको विचमा partation wall नभएका ३ वटा सटर /कोठा | प्रत्येक सटरको लागि रु.३२६००/- | १०८५००/- |

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय ,बुटवल

विष्णु प्रसाद खनाल
वेत व्यवस्थापन महाशाखा प्रमुख